वर्ष २९ अङ्क ७ जनवरी, २०२२ JANUARY, 2022

E-PAPER

मासिक प्रकाशन

सिक्किम डेमोक्रेटिक फ्रण्ट–को मुखपत्र

सिक्किम परिवर्तन

# सिक्किमलाई संसारकै सबैभन्दा सुन्दर ठाउँ बनाउनसक्ने क्षमता र सपना भएका युवाहरू हामीसँग प्रशस्तै छन् : अध्यक्ष चामलिङ



*प्रश्न : पाँच–पाँचपटक मुख्यमन्त्री बन्ने व्यक्तिदेखि लिएर आम जनतासम्म, होटल कर्मचारीदेखि लिएर अस्पतालका डक्टरहरूसम्म, आफ्नै गाडीमा यात्रा गरिरहेका दम्पतिदेखि लिएर सडकमा हिँडिरहेका सिनियर नागरिकहरूसम्म, आफ्नै क्षेत्रमा काम गरिरहेका सामाजिक कार्यकर्त्तादेखि लिएर अफिसमा काम गरिरहेका सरकारी कर्मचारीहरूसम्म कोही पनि आज सिक्किममा सुरक्षित देखिन्न। सामाजिक भ्रमणहरूसमेत अहिले सङ्कटमुक्त छैनन्। जताजतै ज्यानको खतरा छ। अहिले मानिसहरूलाई सार्वजनिक स्थानहरूमा जानै मुश्किल पर्ने अवस्था सिर्जना भएको छ। यस्तो अपराधपूर्ण र विषम परिस्थितिमा पनि सत्तारूढ पार्टी र सरकार भने केवल प्रेस कन्फरेन्समाथि प्रेस कन्फरेन्स गरेर बसिरहेको छ।*

*वास्तवमा गल्ती कहाँनेर भयो? यो भयावह स्थितिबारे तपाईं के भन्नुहुन्छ? सिक्किम सरकार र सिक्किमे युवाहरूलाई तपाईंको सन्देश के छ?*

उत्तर : सिक्किममा अहिले सुरक्षा कतै छैन। कलेजहरूमा होस् वा बाटोघाटोमा होस्, आफ्नो गाडीमा होस् एवम् अस्पतालहरूमा होस्, मान्छेहरूको जीवन, मर्यादा र सुरक्षा अहिले सबै खतरामा छन्। सिक्किमले सबै प्रकारका अपराधहरूको सामना गर्नु परिरहेको छ। मानिसहरूका वालेट, मोबाइल फोन, गरगहनाहरू दिउँसै लुछ्न थालिएका छन्। सिक्किममा यस अघि सुन्न नपाइएका घटनाहरू आज आम रूपमा घट्न थालेका छन्। छुरी हान्नु, आक्रमण गर्नु, महिलाहरूमाथि हातपात गर्नु, चोरी–छिन्ताइ र लुटपाट गर्नु सामान्य घटनाहरू बन्न थालेका छन्।

एउटा समय थियो, जतिखेर रम्फू वा मल्लीको गेटबाट सिक्किम प्रवेश गर्नु आफैमा सुरक्षित महसूस गरिन्थ्यो। हामी आफैलाई आफ्नो घरमा आएको भान हुन्थ्यो। त्यो स्थिति अब रहेन। आज सिक्किमभित्र पस्दा गुण्डाहरू बाटो छेकेर बसिरहेका भेटिन्छन्, गाली दिइरहेका भेटिन्छन्, ढुङ्गा हानिरहेका भेटिन्छन्। आज सिक्किम पस्दा यस्तो लाग्छ कि हामी कुनै असभ्य जङ्गली ठगहरूको एरियामा प्रवेश गरिरहेका छौं। यो त्यो सिक्किम हुँदै होइन, जहाँ हामी जन्मेका थियौं। यो त्यो सिक्किम पनि हुँदै होइन, जहाँ हामी केही वर्ष अघिसम्म बाँचेका थियौं। यो 'परिवर्त्तन भएको' सिक्किम हो। आज सिक्किमेहरू बङ्गालपट्टि छिरेपछि मात्र आफैलाई सुरक्षित महसूस गर्ने भएका छन्। सिक्किमेहरूको निम्ति यो भन्दा त्रासद र दुःखद स्थिति अरू के हुनसक्छ?

जहाँसम्म गल्ती कहाँनेर भयो भन्ने प्रश्न छ, त्यसका दुइवटा कारणहरू छन्। पहिलो कुरो, गुण्डा, भट्टु, असामाजिक तत्व, हत्यारा, ड्रग्स माफिया, चोर–डकैत, अपराधी र कानून नमान्ने मान्छेहरूले मुख्यमन्त्रीलाई 'आफ्नो मान्छे' ठानेका छन्, र उनीहरूलाई मुख्यमन्त्रीले नै संरक्षण वा सुरक्षा दिन्छन् भन्ने आत्मविश्वास उनीहरूमा जागेको छ। उनीहरूले नै आज सडक, गल्ली, अफिस, बजार, पञ्चायत, शहरी शासन केन्द्र, पुलिस स्टेसन, कोइरी सबै कब्जा र नियन्त्रण गरेका छन्। मुख्यमन्त्री गोलेले सबै पुलिस स्टेसनहरूमा 'आफ्नो मान्छे' राखेका छन् र उनीहरूले नै पार्टी क्याडरको काम गरिरहेका छन्। त्यसैले पुलिस स्टेसनहरूले सामान्य डायरी लेख्न पनि मान्दैनन्। १० अक्टोबर, २०१९ –को दिन मेरो गाडीमा ढुङ्गा हान्नेहरूविरुद्ध डायरी गर्न जाँदा जोरथाङ पुलिसले डायरी लेख्न मानेन। २०२१ –को देन्चुङ काण्डमा पनि त्यही भयो। भर्खरै मल्ली तारेभीरमा पनि गुण्डाहरूले हाम्रो बाटो रोक्न बीच बाटोमा गाडी तेर्स्याएर राखेका थिए। उनीहरूले मुख छाडे, ढुङ्गा हाने र हाम्रा गाडीहरू फुटाए। तर पनि मल्ली थानाले हाम्रो जीडी लिन ठाडै इन्कार गऱ्यो। उल्टै हाम्रा निर्दोष मानिसहरूलाई पक्राउ गरेर थानामा राखेको छ। आज राज्यमा यस किसिमको कानून व्यवस्था चलिरहेको छ। कानूनको राज, प्रजातन्त्र, कानून व्यवस्था भन्ने कुराहरू अतीतको कुरा बनेका छन्। सिक्किम अहिले इदी अमिनको युगाण्डा वा किम जोङ उनको उत्तर कोरिया बनिसकेको छ। गलत मान्छेको हातमा सरकार सुम्पिनुको परिणाम हो यो। मुख्यमन्त्रीको काम जनतालाई शान्ति, सुरक्षा र समृद्धि दिलाउनु हो भन्ने कुरा मुख्यमन्त्रीलाई नै थाहा छैन। उनले ठीक त्यसको विपरीत कामहरू गरिरहेका छन्। जनताको जीवनको शान्ति, सुरक्षा र समृद्धिलाई निमोठ्ने काम उनैले गरिरहेका छन्।

दोस्रो कुरा, अहिले सिक्किममा जे भइरहेको छ, त्यो श्रीमान् गोलेको विचारको परिणाम हो। एउटा मुख्यमन्त्री जो खुलेआम 'गोलेको टीम तयार छ', 'गोले को हो म देखाइदिन्छु', 'कुटाइ खाएर मेरोमा नआउनू, कुटाइ दिएर आउनू' भन्छन्, उसको नेतृत्वमा कस्तो सिक्किमको आशा हामी गर्नसक्छौं? पोकलोक कामराङमा मेरो गाडीमा ढुङ्गा–मुढा गरेको भोलिपल्ट ११ अक्टुबर, २०१९ को दिन नन्दुगाउँको जनसभा मुख्यमन्त्रीले नै ढुङ्गा हान्नु राम्रो हो भनेर भाषण गरे। उनकै मन्त्री खरेलले पनि चामलिङलाई जुनसुकै बेला शेष गरिदिन्छौं भनेकै हो। चुनाउभन्दा अघि पनि उनीहरूले 'कुटेर हुन्छ कि, लुटेर हुन्छ कि, मारेर हुन्छ, हामीलाई सरकार चाहिन्छ' भनेर भाषण गरेको कुरो सिक्किमेहरूले भुलेका छैनन्। उनीहरूको सिक्किम निर्माणको ब्लु प्रिन्ट यही हो। र आज त्यही योजना अनुसार सिक्किम 'परिवर्त्तन' हुँदैछ।

यो क्रुर सरकारलाई मेरो सन्देश यही छ कि तिमीहरू सिक्किमे जनताको आवाजलाई सधैंभरि दबाइराख्न सक्नेछैनौ। सिक्किम सिक्किमेहरूको बासभूमि हो। सिक्किमेहरूको शान्ति, सुरक्षा, समृद्धिको निम्ति नै सिक्किमे मतदाताहरूले जनादेश दिएका हुन्। तिमीहरूको अहंकार र दम्भले सिक्किमको शान्ति, श्रृंखला र सुरक्षाको गौरवगाथा मेटिएको छ। सिक्किम र सिक्किमेहरूलाई सम्मान गर्न सिक, होइन भने छिट्टै सिक्किमे क्रोधको सामना गर्न तयार होऊ। तिमीहरू सिक्किमे इतिहासको कुडादानमा अफालिनेछौ।

अन्तमा म सम्पूर्ण सिक्किमे जनगण र विशेष रूपमा सिक्किमे युवाहरूलाई सिक्किममा चुलिँदै गएको आपराधिक घटनाहरूको विरोध गर्न अपील गर्नचाहन्छु। सिक्किममा भइरहेका सबै किसिमका अन्याय, अत्याचार, गाली–गलौच र विध्वंशकारी घटनाहरूको डटेर विरोध गर्ने अपील गर्दछु। राजनीतिमा आउनुभएका युवाहरूलाई आफ्ना सम्पूर्ण शक्ति सिर्जनशील कामहरूमा लगाउने र आफ्नो विचारलाई सिक्किम निर्माणमा खर्च गर्ने आह्वान गर्नचाहन्छु। तपाईंहरूलाई ढुङ्गा हान्न र गाली गर्न लगाउनेहरूको आदेशलाई अस्वीकार गर्नुहोस्। सिक्किमलाई तपाईंहरूको जरूरी छ, र तपाईंहरूकै हातमा भोलिको सिक्किम हुनेछ। यो अप्रजातान्त्रिक सरकारलाई अपदस्थ गर्नु आजको पहिलो जरूरी हो। सिक्किमलाई यी स्वेच्छाचारीहरूको हातबाट बचाउनुपर्नेछ। सिक्किमलाई संसारकै सबैभन्दा सुन्दर ठाउँ बनाउनसक्ने क्षमता र सपना भएका युवाहरू हामीसँग प्रशस्तै छन्। उनीहरूलाई सिक्किमको माया छ। आज त्यही युवा क्षमता र सपनालाई मजबूत पार्ने जरूरी छ। अहिलेको अस्थिरता र अप्रजातान्त्रिक परिवेशले सिक्किमलाई कदापि उँभो लाग्न दिनेछैन। यो कुरो बझ्न जरूरी छ।

# अध्यक्ष चामलिङको सुरक्षा कवच बढाउन ज्ञापन



**गान्तोक (प्रेस विज्ञप्ति)।**

११ जनवरीको दिन सिक्किम सरकारका मुख्यसचिव, गृहसचिव साथै डाइरेक्टर जेनरल अफ पुलिस (डीजीपी)–समक्ष एसडीएफ पार्टीका प्रतिनिधि टोलीले एउटा ज्ञापन पत्र चढाएको छ। ज्ञापन पत्र चढाउने प्रतिनिधि टोलीमा एसडीएफ पार्टीका प्रमुख प्रवक्ता तथा उपाध्यक्ष श्री एम. के सुब्बा, जिल्ला कार्यकारीणी समितिका अध्यक्ष डा मिचुङ भोटिया, उपाध्यक्ष प्रचार–प्रसार मामिला श्री किशोर खड्का, महासचिव–प्रभारी पश्चिम जिल्ला श्री टाशी ग्याछो भुटिया साथै पुर्व जिल्ला कार्यकारिणी समिति श्री अध्यक्ष कर्मा टाशी भुटिया थिए।

पार्टीले चढाएको उक्त ज्ञापन पत्रमा पूर्व मुख्यमन्त्री एवं एसडीएफ अध्यक्ष श्री पवन चामलिङ र एसडीएफ कार्यकर्ताहरूलाई सामाजिक भ्रमणको क्रममा दक्षिण सिक्किमको मल्ली बजार अनि सुक्रबारे सदाममा असामाजिक तत्त्वहरुले गरेको प्राणघातक हमला र नाराबाजीको उल्लेख गरिएको छ। उक्त दुर्भाग्यपूर्ण घटनाको उल्लेखसँगै पार्टीले प्रशासनसमक्ष एसडीएफ अध्यक्षको सुरक्षा कवच बढाइनुपर्ने विशेष माग राखेको छ।

यसरी नै ज्ञपान पत्रमा एसडीएफ पार्टीका सदस्यहरुले राज्यमा शान्तिको वातावरण बहाली हुनुपर्ने माग पनि राखेको छ। साथै मल्ली बजारमा असभ्य भाषामा गाली गर्ने अनि शुक्रबारे सदाम गाउँमा पूर्व मुख्यमन्त्री अनि एसडीएफ पार्टीका कार्यकर्ताहरूमाथि ढुङ्गा–मूढा गर्ने असामाजिक तत्त्वहरूलाई प्रशासनले चाँडो भन्दा चाँडो पक्राउ गरी उचित सजाय दिनुपर्छ भन्ने अर्को माग पनि राखेको छ। राज्यका समग्र जनतालगायत पूर्व मुख्यमन्त्री एवं एसडीएफ पार्टी अध्यक्ष पवन चामलिङको सुरक्षाको दायित्व सिक्किम सरकारको हो। यसैले पूर्व मुख्यन्त्रीको जीवन र ज्यानमाथि केही हुन गए त्यसको सरासर जिम्मेवारी सरकारले लिनुपर्ने ज्ञापन पत्रमा उल्लेख गरिएको छ। (विष्णु दुलाल, सचिव, प्रचारप्रसार मामिला)

# एसडीएफ जनताको अभिभावकत्व ग्रहण तयार

**गान्तोक (प्रेस विज्ञप्ति)।**

सिक्किममा शान्ति हराएको छ। राज्य सञ्चालनका जिम्मेवार इकाइहरू लथालिङ्ग भएर गएका छन्। जताततै डर, त्रास र असुरक्षाको भावना जागृत भएर गएको छ। आम नागरिकहरू अनाहकमा मारिँदै छन्, लुटिन्दै छन्, कुटाई खाँदै छन्। स्वास्थ्य उपचारसम्म पाउने अधिकारबाट बन्चित भएर अकालमा प्राण गुमाउनु पर्दैछ। यसरी सिक्किमको व्यावस्थागत ढाँचामा आएको अप्रत्यासीत नकारात्मक परिवर्तनले गर्दा शान्तिमय सिक्किम भनेर चिनिएको सिक्किम आज अशान्त, भयभित र अराजक राज्यमा परिणत भएर गएको छ। कानुन, व्यवस्था र प्रशासन किंकर्त्तव्यविमुड भएका छन्। आर्थिक संरचना भतामुङ्ग भएर विभागमा काम कार्वाहीहरू अवरूद्ध बनेका कुरा सार्वजनिक हुँदैछन्।



यति चाँडै शान्ति, सम्पन्न र समृद्ध सिक्किम यस्तो कहालिलाग्दो अवस्थाबाट गुर्जिएला भन्ने सिक्किमेली जनताले कल्पनासम्म गरेका थिएनन्। यस्तो परिस्थितिमा एसडीएफ पार्टीले विपक्षमा भएरै पनि अब सिक्किमेली जनताको अभिभावकत्व ग्रहण गर्नुपर्ने दायित्व सृजना भएकाले एसडीएफ पार्टी सम्पूर्ण कर्मचारी, व्यापारी र राज्य इकाईका निकायहरूलाई जन–जिम्मेवार बनेर सिक्किमेली जनताको जनधन र सुरक्षाको ग्यारेन्टी सुनिश्चित गर्न आह्वान गर्दछ। साथै यी समस्याबाट निजात पाउन एसडीएफ पार्टीका पक्षबाट जे जति सहयोग सद्भावना र व्यवास्था सञ्चालनलाई जरूरी विषयहरूमा सकरात्मक सहयोगको आवश्यकता पर्छ ती विषयहरूमा एसडीएफ पार्टी सहयोगका लागि बचनबद्ध रहनेछ। राज्य सञ्चालनका जिम्मेवार अधिकृतहरूलाई प्रजातान्त्रिक सुरक्षा र सम्मानपूर्ण अवस्था बहाली गर्न भरमग्दूर सहयोग गर्ने छ। राज्य र राज्यवासीको सुरक्षा नै हाम्रो पहिलो उद्देश्य र कर्त्तव्य भएको हुँदा हामी राजनीति भन्दामाथि उठेर जनकल्याणका आफ्ना नीति, योजना र कार्यक्रमलाई अझ व्यापक र सुदृढ बनाउँदै निरन्तर जारी राख्ने कुरामा सम्पूर्ण जनगणमा आस्वस्त र विस्वस्त रहन अपिल गर्दछौं। (कृष्ण खरेल, उपाध्यक्ष, प्रचार–प्रसार मामिला)

# तुरून्त जाँचप्रक्रिया अघि बडाएर सत्य तथ्य उजागर गर्न एसडीएफको चुनौती

गान्तोक (प्रेस विज्ञप्ति)।

एसकेएम पार्टीलाई आरोप, लालछना र षड्यन्त्र गर्ने मानसिक रोगले सताएको कुरा उनीहरूद्वारा प्रेसित प्रेस बयानले प्रमाण गरेको छ। हिजो विपक्षमा रहँदा पनि त्यहि विमारीले सताएर जनता अलमल्याउन सफल भएको थियो भने आज सत्तामा रहँदा पनि त्यहि विमारीले ग्रसित भएको जगजाहेर छ।

विना प्रमाणका कुरा गर्नु, भ्रम र अफवाह फैल्याउनु, षडयन्त्र गर्नु अनि अराजकता फैल्याएर समाजमा सन्त्रासको माहोल सृजना गर्नुनै अहिले उनीहरूको सत्ताको काम भएको छ। जातीय सम्प्रीति विथोल्ने, सिक्किमे समाजमा एकमाथि अर्को जाति, धर्ममा शंका, घृणा र द्वेश पैदा गराएर सिक्किमे समाजलाई विखण्डन गर्नु उनीहरूको राजनैतिक उद्देश्य बनेको छ। व्यक्तिगत जीवनमाथि हमला गर्नु, चरित्र चित्रण गर्नु र बद्लाको राजनीति उनीहरूको राजनैतिक धर्म भएको छ।

बन जंगलको अनाधिकृत फडानी, नदीमा वालुवा माफियाको रगरगी, शान्ति सुरक्षामा माफिया तन्त्रको बोलवाला, सिक्किमका विशेष अधिकारमा बाहिरका शक्तिको बलमिचाई, माटो, उद्योग, कलकारखाना सबैमा माफिया तन्त्रको हुकुमत आदि कुरामा सरकारले जनपक्षीय हुनको साटो वेमतलव र वेफजुलका कुरामा एसकेएमले समय कटनी गर्नु भनेको सिक्किमे जनताले दिएको जनादेशको माहा धोका र उल्लंघन हो। सरकारमा बसेपछि आरोप लगाउने मात्र होइन, ती विषयहरूमा चुडान्त निष्कर्ष निकालेर सत्य उद्घघाटन गर्ने सरकारको नैतिक जिम्मेवारी हुनेछ। आफ्नो नैतिक जिम्मेवारीबाट चुकेका सत्तापक्षले प्रेस बयान जारी गर्नुभनेको आफ्नो कालो पोतिएको अनुहारलाई झुटको पर्दा ओडाएर लुकाउने प्रयत्न मात्र हो।

एसकेएम सरकारलाई आफू अझै सत्तामा छ के? भन्ने भ्रमले सताइरहेको कुरा उनीहरूका विचार र व्यवहारले देखाइरहेको हुँदा एसडीएफ पार्टी उनीहरूका वेबुनियाद र बगमफुसे आरोप, लालछना लगाउने कार्यको ठाडो खण्डन गर्दै एसकेएमलाई जिम्मेवार भूमिका निर्वाह गर्न सुझाउ दिन चाहन्छौं।

स्मरण रहोस्, एसकेएम पार्टीले बारम्बार लगाउँदै आएको हिजोका राजनैतिक हत्याको आरोपलाई तुरून्त जाँचप्रक्रिया अघि बडाएर दोषीलाई कार्वाही गरेको सत्य–तथ्य उजागर गर्न फेरि पनि एकपल्ट एसकेएम पार्टीलाई अवगत गराउन चाहन्छौं। (कृष्ण खरेल, उपाध्यक्ष, प्रचार–प्रसार मामिला)

# केही समयका लागि कार्यक्रम स्थगित

गान्तोक (प्रेस विज्ञप्ति)

सिक्किम राज्यमा अहिलेघरी अप्रत्यासित रूपमा फैलिएको कोरोना माहामारीले जनतालाई त्रसित तुल्याएको छ। जनताले यो महामारीबाट आफूलाई असुरक्षित अनुभव गरिरहेको अवस्थामा एसडीएफ पार्टीले पार्टीका सभाहरू, पार्टी अध्यक्षको सामाजिक भ्रमणलगायत भिड जम्मा हुने पार्टी मिटिङहरूलाई केही समयसम्मको लागि स्थगित गर्ने निर्णय गरेको छ।

सिक्किमेली जनताको जनधनको सुरक्षा र शान्ति भन्दा ठूलो एसडीएफको कुनै राजनैतिक उद्देश्य छैन। सम्पूर्ण सिक्किमेली जनता यस्ता माहामारीबाट जोगिन सकुन र उनीहरू कुनै भयपूर्ण स्थितिमा बस्न नपरोस् भन्ने उद्देश्यले जनहीतलाई ध्यानमा राखेर पार्टीले निर्णय गरेको सर्वसाधारणलाई जानकारी गराउँदछौं। कोरोना संक्रमित रोगीहरूको सिघ्र स्वास्थ्य लाभको कामना गर्दै यस माहामीराबाट ज्यान गुमाउने नागरिकको चीर शान्तिको कामना गर्दछौं। साथै शोकाकुल परिवारलाई दुःखको घडीमा सधैं साथमा रहने प्रण गर्दछौं।

राज्य सरकारले पनि यस माहामारीबाट जोगिन थुप्रै निर्देशनहरू जारी गरेको छ। यी निर्देशनहरूको पालना गर्ने सबै राजनैतिक पार्टी, संघ–संस्था र आम नागरिकको कर्त्तव्य हो। त्यसैले एसडीएफ पार्टी सम्पूर्ण जनगणमा यो कोरोना महामारीलाई फैलिन नदिन एक जिम्मेवार नागरिकको रूपमा आफ्नो भूमिका निर्वाह गर्न आह्वान गर्दछ। यस वैश्कि महामारीबाट सर्वसाधरण जनताको जनधनको सुरक्षा सुनिश्चित गर्न एसडीएफ पार्टी सरकारसमक्ष आग्रह गर्दछ। (कृष्ण खरेल, उपाध्यक्ष, प्रचार–प्रसार मामिला)

सिक्किम र सिक्किमेली जनताको हक-हितको सुरक्षा हाम्रो एकमात्र लक्ष्य हो।

-पवन चामलिङ

सिक्किम परिवर्तन

सिक्किम डेमोक्रेटिक फ्रण्ट-को मुखपत्र

वर्ष २९, अङ्क ७, जनवरी, २०२२, January, 2022

## २०२४ अब टाडा छैन

संसदीय प्राजातान्त्रिक व्यवस्थाको सुन्दर, सबल तथा कमजोर पक्ष जे भने पनि त्यो त चुनाउ नै हो। चुनाउ सुन्दर कसरी? सबल कसरी अनि कमजोर कसरी भन्ने विषयबारे छोटो कुरा गरौं । प्रजातान्त्रिक व्यवस्थाले एउटा निर्धारित समयमा चुनाउलाई जनताअघि राखिदिन्छ। चुनाउले जनतामै भएका विविध विचारलाई मुखरित तथा सङ्गठित गरी विभिन्न दलहरूका माध्यमबाट मतदाताअघि राखिदिन्छ। यसरी विचारको विविधतालाई उठाएर पनि कुनै सामरिक उपायमा नलागि एउटालाई चुन्ने सुगम आधार दिने सरल उपाय हो चुनाउ। यस विन्दुमा चुनाउलाई एउटा सुन्दर प्रजातान्त्रिक उपहार भन्दा कुनै अत्युक्ति नहोला। मतदाताले चुनावी प्रक्रियाद्वारा आफ्नो प्रतिनिधि चुनेर सरकार बनाउनु जति सुगम र सरल देखिए तापनि व्यवहारमा चाहिँ त्यस्तो हुँदैन। व्यवहारमा जाली, फटाहा, चोर, लुच्चाहरू नै बढी मात्रामा सक्रिय भएर चुनावी मैदानमा उत्रिन्छन्। तिनीहरूले नै नानावली प्रपञ्च रचेर मतदाताहरूलाई अन्योलमा पार्छन्। तर जति नै प्रपञ्च रचे पनि एउटा निर्धारित समयमा चुनाउ भने आएकै हुन्छ। यसरी आफ्नो समयमा चुनाउ अनिवार्य भई आउनाले सत्तामा भएकाहरू जतिसुकै बलशाली भए पनि चुनाउसँग डराएकै हुन्छन्। यस पक्षलाई हेर्दा चुनाउ धेरै बलशाली देखिन्छ। सबल देखिन्छ। रह्यो, चुनाउ कमजोरीचाहिँ कसरी भन्ने कुरा।

सिक्किमकै विषयलाई लिएर हेर्ने हो भने, भोट एउटाले जित्यो सरकारचाहिँ अर्कैले बनायो। भोटकै आधारमा सरकार बनिने थियो भने सिक्किममा सरकार एसडीएफकै बन्नुपर्ने हुन्थ्यो। तर त्यो हुँदैनथ्यो र भएन पनि। किनभने सरकार बनाउनलाई सिटको खेलमा जित्नुपर्ने हुन्छ। एसडीएफको भोट पुग्यो तर सिट पुगेन। एसकेएमले भोट नपुग्याएर पनि सिट पुऱ्यायो। त्यसैले सरकार गठन गर्ने काम पनि उनीहरूले नै गरे। यहींनेर चुनाउलाई हामी कमजोर पाउँछौं। एसकेएमलाई भन्दा धेरै एसडीएफलाई जनताले चाहेका छन् भन्ने कुरा सबैलाई थाहा छ। चुनावी परिणामले नै यो कुरा दर्शाएको छ। तर पनि एसकेएम नै सिक्किम सरकारमा छ।

लौ न त, जो भए पनि जसको भए पनि सरकार त बनियो नि भनेर कुरा यहाँ टुङ्गिँदैन। मतदाताको जिम्मेवारी चुनाउपछि अझ बढेर आउँछ। मतदाताहरू चुनाउपछि अझ गम्भीर बन्नु पर्छ। चुनाउमा भएका गल्तीलाई सच्याउन जान्नुपर्छ। मतदाता र चुनाउमा सरकार बनाउन नसक्ने राजनैतिक दलले आफ्ना सारा भुलहरूलाई राम्ररी चिनेर सच्याउने पर्छ। आफ्ना कमजोरीहरूलाई सच्याएर त्यसलाई शक्तिमा रूपान्तर गर्नु सक्नुपर्छ। नत्र जनसपना कहिले पनि विपनामा फेरिँदैन।

गत २०१९को सिक्किम विधान सभा चुनाउलाई मतदाताहरूले त्यति गम्भीरतापूर्वक लिएनन् जति लिनुपर्थ्यो। त्यस चुनाउमा एसडीएफ र मतदाता दुवै पक्षबाट केहि न केही त्रुटी भएकै छ। त्यसलाई यहाँ प्रकाश पारिहरहने कुरातिर नगएर सीधै त्यस चुनाउमा के भएको थियो भन्नेबारे थोरै सम्झना गरौं। न्यायलयले चोर घोषित गरेर एक वर्ष कारावास राखेको अनि चुनाउमा उठ्नै नपाउने व्यक्तिलाई मतदाताले भोट दिए। अर्को कुरा त्यस्ता निषेधित हुनुपर्ने व्यक्तिलाई उठ्ने मौका पनि व्यवस्थाले दियो। संसदीय प्रजातान्त्रिक व्यवस्थाको कमजोर रूप यहाँ छर्लङ्गै देखिएको छ। अझ भन्ने हो भने त्यस्ता व्यक्तिलाई सत्तामा राख्ने भूल भएकोले सिक्किममा के के खति भएको छ, भइरहेको छ भन्ने कुराको हेक्का राख्नुपर्छ। अझ कति खति हुनेछ भन्नेबारे जनताले नसोची हुँदैन। जे होस, न्याय व्यवस्थाले चोर साबित गरेर खोटी घोषित गरिसकेको व्यक्तिलाई त्यही व्यवस्थाले नै कुनै दिन थान्कोमा राख्न पनि सक्छ। नत्र जनताकै हातमा छ, २०२४ अब साहै टाडा छैन। जनता एकपटक झुक्किए होलान् तर अबचाहिँ जति नै झुक्याउन खोजे पनि झुक्किने छैनन्।

निवेदनः सिक्किम परिवर्तनमा लेख-रचना प्रकाशनार्थ यहाँहरूले हाम्रो इमेल ठेगानाः sikkimparivartansdf21@gmail.com अथवा फोन नम्बर 9593984746, 9832793623 मा वाट्सप गरेर पठाउन सक्नुहुनेछ। पत्राचारका लागि हाम्रो ठेगाना हो- सम्पादक, सिक्किम परिवर्तन, प्रचार प्रसार मामिला विभाग, एसडीएफ भवन, इन्दिरा बाईपास, गान्तोक, सिक्किम,७३७१०१ ।

# दङ्गै दङ्गा परिवर्तनको ढङ्ग

**भाग १**

*जब पवन चामलिङ दिल्लीमा थिए 'खोइ चामलिङ' भनेर जनतालाई तर्साए। त्यो तिनीहरूको एउटा चाल थियो। चामलिङलाई जनताले बिर्सिदिवोस् भनेर चामलिङलाई टाडा गएको देखाउने र यता जनतालाई जबर्जस्ती आफ्नो पार्टीमा सामेल गराउने चाल। तिनीहरूको त्यो चाल कहाँ फेल खायो भने चामलिङ दिल्लीबाट साङ्गठनिक काम सिद्ध्याएर सिक्किम फर्किए। फर्किए मात्र होइन हजारौं हजार जनता र समर्थकसित सिक्किम भित्रिए। त्यति मात्र होइन सिक्किमे जनताको आवाज भएर गर्जिए। त्यति बेला एसकेएमले थाहा पाए चामलिङ त दिल्लीमा होस् कि अमेरिकामा होस् बस्नचाहिँ सिक्किमे जनताकै मनमा बस्दा रहेछन्।*



अम्बर राई

जतिबेला पवन चामलिङले सिक्किम सरकार चलाउँथे त्यतिबेला सिक्किमका जनमानसमा कुनै त्रास थिएन। सिक्किमे जनताको जीवन नै सुख शान्तिको प्रतीक भइरहेको थियो। यस कुरालाई एसकेएमले मानोस् कि नमानोस् तर अहिले सारा संसारले यसलाई मानिरहेको छ। यो नै साँचो कुरा हो। चुनाउका बेलामा केही फटाहा, लोलुप र सतही मानिसहरूले आफ्ना स्वार्थ सिद्ध हेतु राजनैतिक दल नामको एउटा गिरोह तयार पारे। त्यसैको ब्यानरबाट परिवर्तनको खोक्रो नारा लगाए। छल कपट गरी चुनाउमा उठे र जनतालाई आकाशका तारा झार्छौं भनी लोलाए, फकाए, ढाँटे। विद्रोही हौं, क्रान्ति गर्छौं भनेर डराए, धम्काए, तर्साए, बनिबनाउ सिक्किमको गलत व्याख्या गरे। साँचो नेतालाई फत्तुर लगाए। के के गरे त्यो अब इतिहासकै पानामा छ।

जनतालाई परिवर्तनको खोक्रो कुराले भड्कायो। जनताको मत डग्मगायो। तिनै जाली र झेलीहरूले सरकार बनाए। परिवर्तन शब्दको गलत प्रयोग गरेर सरकारमा त आए तर सिक्किममा भइरहेको वास्तविक परिवर्तनलाई भने तिनीहरूले बिगारे।

सिक्किममा परिवर्तन ल्याँउछु भन्ने हचुवा हाँचले जहींतहीं काम बिगारेकै मात्र देखिन थालेको छ। वनजङ्गल मासेको भन्नु कि, जनताको प्रजातान्त्रिक हक मासेको भन्नु कि, सिक्किम र सिक्किमेको इज्जत नासेको भन्नु कि, सिक्किमको सम्पदा नासेको भन्नु कि, चेलिको सुरक्षा मासेको भन्नु कि, गरीबको सपना मासेको भन्नु कि, विद्यार्थीको भविष्यै नासेको भन्नु कि, खटिखाने वर्गको रोजीरोटी खोसेको भन्नु कि, कर्मचारीको सम्मान खोसेको भन्नु कि, चालक वर्गको गरिखाने मेलो हडपेको भन्नु कि, सिक्किमको पुरानो कानून मासेको भन्नु कि! केचाहिँ सपारेको छ र? हरेक कुरा बिगारेकै मात्र छ। नासेकै मात्र छ। अझै तिनीहरू नै जनताअघि यस्ता खोक्रा हाँक पिट्छन् कि सिक्किममा धेरै उन्नति भइरहेको छ। यस्तो त्रास सिर्जना गर्न खोज्छन् कि तिनीहरूको विरोध गर्नु दण्डनीय अपराध हुनेछ।

जब पवन चामलिङ दिल्लीमा थिए 'खोइ चामलिङ' भनेर जनतालाई तर्साए। त्यो तिनीहरूको एउटा चाल थियो। चामलिङलाई जनताले बिर्सिदिवोस् भनेर चामलिङलाई टाडा गएको देखाउने र यता जनतालाई जबर्जस्ती आफ्नो पार्टीमा सामेल गराउने चाल। तिनीहरूको त्यो चाल कहाँ फेल खायो भने चामलिङ दिल्लीबाट साङ्गठनिक काम सिद्ध्याएर सिक्किम फर्किए। फर्किए मात्र होइन हजारौं हजार जनता र समर्थकसित सिक्किम भित्रिए। त्यति मात्र होइन सिक्किमे जनताको आवाज भएर गर्जिए। त्यति बेला एसकेएमले थाहा पाए चामलिङ त दिल्लीमा होस् कि अमेरिकामा होस् बस्नचाहिँ सिक्किमे जनताकै मनमा बस्दा रहेछन्। झुक्याएर, ढाँटेर, छलकपट गरेर सत्ताबाट हटाए पनि सिक्किमे जनताका मनबाट चामलिङलाई हटाउन नसकिने रहेछ। सत्ताबाट हटाएपछि त चामलिङ झन् साह्रो गहिरो गरी सिक्किमे जनताका मनमा बस्न थालेछन्। अब झन विधानसभा सत्रमा नै पसेर गर्जिएमा सरकार तत्कालै लडाउने कुरा निश्चित देखेपछि तिनीहरू आत्तिएका छन्। तिनीहरूले चामलिङलाई जार देख्नेले जारै देख्नथाले, सौता देख्नेले सौतै देख्नथाले। तिनीहरूले पनि आफ्नो बगमफुर्से नाइकेको शीर उठोस् भनेर जिन्दावाद गर्दै नारा लगाइटोपले। नारा लगाउँदा पनि चामलिङको देदिप्यमान आकृति र आभास तिनीहरूले अनुभव गरिरहेका थिए। त्यसो हुँदा तिनीहरूले आफ्नै नारा बिर्से। किन नभुलोस् कुनै मुद्दाको नारा भए पो स्थिर हुन्छ। कुनै मुद्दाको हाँचले मुद्दाके नेताका प्रशंसा गर्ने अथवा मुद्दालाई हुङ्कार दिने नारा भए पो स्थायी नारा हुन्छ। वास्तवमा त्यो मुद्दा बिनाको हुद्दा मात्र थियो। आफैसँग तर्सिबसेको एउटा जुलुमी हुद्दा। त्यसैले त्यो जीवन्त हुनसकेन। झन्नै झन्नै पवन चामलिङ जिन्दावाद भनिपठाए। तिनीहरूको त्यो उपाय काम लागेन। त्यहाँ मन्त्रीहरू थिए तर जनावाज थिएन। त्यसैले तिनीहरू झन् आतुरिए। अनि चामलिङको बाटो छेक्न हुरिए। तिनीहरूको त्यो ढुङ्गा मुडा गरेर, हिंसा गरेर जनलहरको बाटो छेक्ने तुच्छ प्रयास पनि जनताले ह्याकुलाले नै मिचिदिए। अब लाग्छ, तिनीहरू अझ दङ्गा मच्चाउने ताकमा छन्। अब सिक्किममा दङ्गै दङ्गा हुने लक्षण देखिन थालेको छ। वाह! परिवर्तन। दङ्गै दङ्गा, आतङ्कै आतङ्क।

# राज्यमा सत्तारूढ एसकेएम पार्टीको अराजक र अनुशासनहिन चरित्र सत्ताको आडमा दिनुहुँ फस्टाएर गइरहेको छ : खरेल

**गान्तोक, (प्रेस विज्ञप्ति)।**
राज्यमा सत्तारूढ एसकेएम पार्टीको अराजक र अनुशासनहिन चरित्र सत्ताको आडमा दिनुहुँ फस्टाएर गइरहेको छ। गुन्डागर्दी, हिंसा र तोडफोडलाई राजनीतिक हतियार बनाउने एसकेएम पार्टीको हैकमवादी र एकतन्त्री क्रियाकलापले एकापटि राज्यको शान्ति श्रृङ्खलालाई भङ्ग गरिरहेको छ भने अर्कोपटि शान्तिप्रिय सिक्किमेली जनमानसमा आतङ्क सिर्जना गरिरहेको छ। यसले सिक्किममा पी एस गोलेको नेतृत्वधीन एसकेएम सरकारमा कानुनी शासन नभएको प्रमाण गर्दछ।

८ जनवरीका दिन पूर्व मुख्यमन्त्री तथा एसडीएफ पार्टीका अध्यक्ष श्री पवन चामलिङमाथि एसकेएम पार्टीका कार्यकर्ताहरूले मल्लीबजारमा अपद्र गाली–गलोज गरे। सामाजिक भ्रमणमा निक्लिनु भएका पूर्व मुख्यमन्त्रीमाथि यस प्रकारको व्यवहार गरिनु अत्यन्त दुर्भाग्यपूर्ण र निन्दनीय घटना हो भनी एसडीएफ पार्टी ठहर गर्दै यसको घोर भत्सर्ना जनाउँदछ। अराजक जथथाले प्रशासनकै नाकअघि देशकै एक अनुभावी तथा वरिष्ठ नेतालाई बाटो रोक्ने,अभद्र गाली गर्दै अपमान गर्ने जुन गैरकानुनी साथै अप्रजातान्त्रिक काम गरेको छ। उनीहरूलाई प्रशासनले तुरुन्त पक्राउ गरी कानुनी दण्ड दिनुपर्छ भनी एसडीएफ पार्टी माग गर्दछ।

यसरी नै सामाजिक भ्रमणको दोस्रो दिन ९ जनवरीको दिन मल्ली निर्वाचन क्षेत्रको सदाम सुन्तले पुगि फर्किनु भएका पूर्व मुख्यमन्त्रीका काफिलामाथि तारेभीरमा ढुङ्गामुढा हानेर प्राणघातक हमला गर्ने अर्को दुर्भाग्यपूर्ण घटना घट्यो। यो कान्ड अमानवीय र असामाजिक कान्ड हो। यस कान्डको एसडीएफ पार्टी जोडदार खण्डन गर्दछ।

राज्यमा एसकेएम पार्टीले सत्ता सम्हालेदेखि यता हत्या,हिंसा,काटमार,गुन्डागर्दी र लुटमारका घटना बडनुमात्र होइन खुल्ला रूपमा बैधानिक भएको छ। पूर्व मुख्यमन्त्रीमाथि प्राण घातक हमला हुनु, विपक्षी पार्टीका कार्यकर्तालाई दिनको उज्यालोमा कुटपिट गर्नु, एमजी मार्गमा गाडीले हिर्काएर युवाहरूको हत्या गर्नु आदि अनेकौं दुर्भाग्यपूर्ण घटना घट्नु भनेको एसकेएम प्रशासनको ठुलो विफलता हो। सत्ताको आडमा सत्तारूढ एसकेएम पार्टीले सङ्गठित अपराध बढाइरहेको एसडीएफ पार्टी ठहर गर्दछ।

पञ्जापमा गत केही दिनअघि प्रधानमन्त्रीको सुरक्षा उलङ्घन भएको घटनाको प्रतिवादमा ‘प्रजातन्त्रमा यो कान्ड स्वीकार्य छैन’ भन्दै मुख्यमन्त्रीले ट्यूट गरेका थिए। प्रजातन्त्रको उलङ्घनलाई स्वीकार्न नसक्ने बयान दिने मुख्यमन्त्री पी एस गोलेले राज्यमा भइरहेको अप्रजातान्त्रिक र अराजक घटनामा किन दृष्टि दिँदैनन्। एकदमै बिग्रिदैं गइरहेको राज्यको कानुन–व्यवस्थामाथि मुख्यमन्त्री किन मौन छन्?

संविधान र कानुनको पालन गर्दै राज्य व्यावस्था संचालन गर्न एसकेएम पार्टीको सरकार पुर्ण रूपले बिफल भएको छ। प्रशासन लगाएर बेफत्तुरका कुरामा बिपक्षी कार्यकर्तालाई सताउनु,प्रताडित गर्नु,जेलमा कोचार्नु अहिले साधारण विषय बनेको छ। सरकारी कर्मचारी,साधारण जनता कोही पनि सुरक्षित छैन। सत्ताको शक्तिलाई दुरुपयोग गरी धक्याउने, डर देखाउने र प्रतिपक्षीका विचारलाई दबाउने सरकारको अहिले सबैभन्दा ठुलो कार्यक्रम बनेको छ। राज्यको नेतृत्वबाट सीबीआईको हाउगुजी देखाएर कानुन,संविधान र न्याय प्रणालीलाई नै प्रभावित बनाउने, बदनाम गराउने र भ्रम फैल्याउने काम भइरहेको छ। यसले राष्ट्रिय भावनामा ठेस पुर्याउनका साथै देशको अखण्डतामा आँच पुग्ने सम्भावना बढेको छ। यसैले एसडीएफ पार्टी केन्द्र सरकारको ध्यानाकर्षण यसतर्फ गराउन चाहन्छ। वर्तमान राज्य सरकारले संवैधानिक रूपमा राज्यको शासन व्यवस्था चलाउन सकिरहेको छैन। यसैले एसडीएफ पार्टी राज्यका महामहिम राज्यपाललाई यस विषयमाथि गम्भीरताका साथामा हस्तक्षेप गर्नु पर्ने माग पनि राख्दछ। साथै सिक्किमको बढ्दो हिंसा, गुन्डागर्दी र असामाजिक क्रियाकलापबाट राज्यबासीलाई सतेच बन्ने अपील पनि गर्दछौं। (कृष्ण खरेल, उपाध्यक्ष, प्रचार–प्रसार मामिला)

## दिनदिनै एसकेएमको चरीत्र उदाङ्गो हुँदै जादै छ

**गान्तोक, (प्रेस विज्ञप्ति)।** एसडीएफ पार्टी अनि पुर्व मुख्यमन्त्री श्री पवन चामलिङको लोकप्रियता देखेर एसकेएम पार्टीमा हतास र निराशा छाएको छ। सिक्किमेली जनताले एसकेएमको राजनैतिक उदेश्य अनि झुठ र फरेबको राजनीतिलाई चाखेर, बुझेर २०२४–मा पवन चामलिङको नेतृत्वमा फेरि पनि एसडीएफ पार्टीलाई राज्यको बागडोर जिम्मा दिने कुरा थाहा पाएर नै एसकेएम पार्टीका नाईके, मन्त्री, विधायक देखि लिएर कार्यकर्ताहरुले दिनहुँ भढाष निकालेको देखिन्दैछ।

पवन चामलिङलाई बदनाम गर्न एसकेएमका भाडाका टट्टूहरुले सडकमा उत्रेर जतिसुकै पवन चामलिङ मुर्दाबाद भनेर नारा लगाए पनि सिक्किमलाई हृदयबाट माया गर्ने जनताको मनबाट पवन चामलिङलाई निकाल्न सक्दैनन्। पवन चामलिङ भनेका जिउँदो संस्थान हुन्, सिक्किमको नाम सुवास हुन, सिक्किमेको गौरव हुन। उनको कुशलताको फलस्वरूप आज सिक्किमले देश र दुनियाँमा बिकासको उदाहरण प्रस्तुत गरेर राज्यको छुट्टै पहिचान बनाएको छ। आज एसकेएम पार्टीको सरकार जहाँ खडा भएर पवन चामलिङलाई गाली गर्दैछ त्यो एसडीएफ सरकारले निर्माण गरेको साम्राज्य हो।

एसकेएम पार्टीका भाडाका टट्टू साथै नाईके मन्त्री विधायकले एसडीएफ पार्टी अनि पवन चामलिङलाई बाटोमा बसेर नानाथरी गाली गरेर शक्तिको दुरुपयोग गर्नुभन्दा सिक्किमको विकास साथै जनताको सेवा गर्दै राज्यको शान्तिपुर्ण वातावरण भाईचारा अनि प्रजातान्त्रिक प्रणालीको संरक्षण गर्ने कार्य गरेको उचित हुनेछ। एसकेएम पार्टीका नाईके मन्त्री विधायक अनि किरायाका टट्टूहरुले यसरी पवन चामलिङलाई गाली गर्नुभनेको चाहिं एसकेएमले आफ्नो चरीत्र उदाङ्गो पार्नु हो। (विष्णु दुलाल, सचिव, प्रचारप्रसार मामिला)

# आफ्नो जिम्मेवारी निर्वाह गर्नुहोस्

**० डा. मिचुङ भोटिया, पूर्व विधायक**



जनतालाई डाटा मात्र दिने कि सङ्क्रमण रोकथाम अनि व्यवस्थापन माथि पनि काम गर्ने? मुख्यमन्त्रीलाई पिपिई किटमा प्रदर्शन गराएर स्वास्थ व्यवस्था ठीक हुँदैन। कोरोना संक्रमणको सुव्यवस्था हुँदैन।

फेरि एउटा जीवनको अन्त भयो। कारण : स्वास्थ्य व्यवस्थाको लापरवाही।

प्रसवको कारण अस्पताल भर्ना गरिएकी महिला, प्रसव समयमा नै उनको देहान्त भयो।

मृतक आत्माको शान्तिको कामना गर्दछु। सन्तप्त परिवारजनमा समवेदना प्रकट गर्दछु।

तर मेरो श्रद्धाञ्जली काफी छ? शोक प्रकट काफी छ?

महिला कसरी मरिन् त्यो अलिक टेक्निकल भएको कारण यहाँ विस्तृत रूपमा बताउनु सक्दिन। उनी IUD को कारण मरिन्।

माननीय मुख्यमन्त्री पीएस गोलेज्यू पीपीई किटमा देखा परे सोसियल मीडिया भरी। बधाई छ मुख्यमन्त्रीलाई। सो राम्रो थियो। मुख्यमन्त्रीको PPE किट भित्रको अर्को नक्सा यस्तो छ। राम्ररी हेर्नुहोस्।

१. सिक्किमका डाक्टरहरूमाथि दैनिक रूपमा हमला हुँदैछ।
२. एक डाक्टरको त हमलाको कारण मृत्यु पनि भयो।
३. सिक्किमका अस्पतालमा कार्यरत धेरै डाक्टरहरू कोरोना सङ्क्रमित भएका छन्।
४. दुई महिना देखि STNM² का अस्थायी कर्मचारीहरूले वेतन पाएका छैनन्।
५. IUD जस्ता रोगको उपचार गर्न सक्षम छैन् हाम्रो अस्पताल।
६. स्वास्थ्य मन्त्री मनोरञ्जनमा व्यस्त , मुख्यमन्त्री फ्यासन सो मा मस्त।

डाक्टरहरु सिक्किम छोडेर भाग्दैछन। कारण? न त सरकार डाक्टरको पक्षमा छ, न उनीहरूलाई काम गर्ने असल वातावरण नै दिइएको छ।

अब भन्नुहोस्, सिक्किमका साधारण जनता उपचारको निम्ति कहाँ जाउन्? डाक्टरको गल्ती माथि कारवाही हुनु न्याय संगत हो। तर सिक्किमको स्वास्थ्य व्यवस्था डावाँडोल भएको छ, यसको जिम्मेवारी कसले लिने? रहल पृष्ठ ५–मा

सिक्किम डेमोक्रेटिक फ्रण्ट, प्रचार प्रसार मामिला विभागद्वारा प्रकाशित एवम् प्रशासित। ठेगाना, एसडीएफ भवन, इन्दिरा बाईपास, गान्तोक, सिक्किम, ७३७१०२, सम्पादकः कृष्ण खरेल

# सिक्किमे ट्राइबलबाट छुटेका जातिको संवैधानिक हक र अधिकारका सन्दर्भमा




० हेमेन्द्र अधिकारी, पूर्व विधायक, डुगालाखा ,रिनाक

**सिक्किमे ट्राइबलबाट छुटेका जातिको संविधानिक हक र अधिकारमा के हुदैछ?**

सिक्किम भारतमा गाभिए पछि हामी सबै जेनेरल भयौ। खालि भोटिया लेप्चा ट्राइबल भए अनि दमाई ,कामी र सार्की जातिलाई संबिधानको आधारमा अनुसूचित जातिको दर्जा उपलब्ध भयो।

एलडी काजी सहाबले चाहेको भए हामी सबै ट्राइबल हुने थियौ। त्यस बेलाका चिफ सेक्रेटरीले केन्द्रले सोधिएका दस्तावेजहरू पनि लुकाए।

२००३ मा एसडीएफ सरकारमा लिम्बू तामाङ ट्राइबल भए पछि मात्र नेपालीको पनि ट्राइबल हुने बाटो खोलियो। यसै कुरालाई अघाडी राखेर क्याबिनेट लगायत कमिटीको आधारमा छोडिएका सिक्किमे जातिलाई ट्राइबलको दर्जा दिनुपर्छ भन्ने प्रस्ताव एसडीएफ सरकारले केन्द्रमा बुझाएको कुरा सर्वविदित छ। एसडीएफ सरकारको समयमा केन्द्रमा बुझाएका बुँदाहरू हुन्–

(१) छोग्यालले नेपालीहरूलाई बीएल बराबर काउन्सिलरमा सिट दिएका थिए त्यहीं सिस्टमको आधारमा Status-Co maintain गरेर जनसंख्याको आधारमा सुरक्षा दिन सकिन्छ।

(२) सिक्किम विलयको समयमा त्रिपक्षीय सम्झौता मुताविक तीनै जाति भोटिया, लेप्चा र नेपाली सिक्किममा समान रूपले हक र अधिकारको पहिचानको रूपमा बाँच्न पाउने अधिकारको करारनामा गरिएकोछ। त्यहि (Guarantee )करारनामा मुताबिक सिक्किम भारतमा गाभिएको हो। यसैको आधारमा सिक्किमे छुटेका नेपालीलाई पनि ट्राइबल दिनुपर्ने प्रस्ताव केन्द्र सरकारमा तिनताकका एसडीएफ सरकारले बुझाएको र केन्द्रमा विचाराधीन छ।

(३) विकल्पको आधारमा sectoral tribal बनाउने पनि केन्द्र सरकारमा प्रस्ताव एसडीएफ सरकारले बुझाएकै हो। लदाक, लक्ष्यद्वीप, उत्तराखण्ड र हिमाचल प्रदेशको जौसरी जिल्लाका मानिसहरूलाई ट्राइबलको हक दिए मुताबिक छुटेका सिक्किमका नेपालीलाई पनि ट्राइबलको मान्यता दिनुपर्ने माग केन्द्रमा एसडीएफ सरकारले ईमान्दारसंग बुझाएको हो अनि केन्द्रमा विचाराधीन छ।

**यदि सिक्किमका छुटेका नेपालीहरू ट्राइबल नहुदा के हुन्छ?**

यदि छुटेका नेपालीहरू ट्राइबल हुन सकेनन भने मेनमार (बर्मा)का रोहिंगा रिफूजी जस्तो सिक्किमका बाहुन, छेत्री, नेवार, मगर, गुरुङ, भुजेल, राई, याखा–देवान, थामी, जोगी, सन्यासी, सुनवार(मुखिया) जाती रिफूजी हुने निश्चित छ। कारण सिक्किम मा one nation one ration card, Citizen Amendment Act. २०१९ को कारण सबै बाहिरका श्रमिक सिक्किमका फ्याट्रीमा काम गर्ने श्रमिकहरू, कारपेन्टर, राज मिस्त्री, फिटर, सबै प्रकारका बाहिरका मजदुर साथै घरमा काम सघाउनेहरू सिक्किममा बस्न पाउने साथ साथै रासिन कार्ड पाउने हक पाइसकेका छन्। अब यस्ता मानिसहरूले भोटिङ राइट पाउन थालेपछि Political Right बढ्छ । आउने समयमा तीन लाख पुगेपछि उनीहरूबाट मन्त्री, विधायक हुन्छन् अनि नेपाली सिट कहिलै हुँदैन र एउटा पनि मन्त्री, एमएलए नेपाली जातीबाट हुन सक्दैनन र हाम्रो सिक्किममा नाम निसान हराउने सम्भावना छ।

यस विषयमा वर्तमान सरकारले न त एसेम्बलीमा कुनै प्रस्ताव ल्यायो न त अहिलेका एमपीले संसदमा नै कुरा उठाएका छन्। के अहिलेको सरकारको छुटेका नेपालीहरू ट्राइबल नहोस् भन्ने नीति र विचार हो त?

एसकेएम सरकारमा एलटी सिट दिने फर्मूला के छ ? कारण पाँच वटा एलटी सिट चाहिँ सत्र (१७) जेनेरल सिटबाट दिनुपर्छ भन्ने प्रस्ताव २०१७ मा नै वर्तमान शिक्षा मन्त्री कुंगा निमा लेप्चाले एसेम्बलीमा ल्याएको प्रस्ताव हो। यसको प्रमाण २०१७ को एसेम्बली रेकर्डमा हेर्न सकिन्छ।

एसडीएफ सरकार हुँदा बाहुन, छेत्री र नेवार जातिलाई राज्य स्तरमा ओबीसी बनाएर केन्द्रीय ओबीसी बराबर नोकरीमा २० प्रतिशत, पञ्चायतमा २० प्रतिशत, शिक्षामा २० प्रतिशत र स्कलरसिपमा २० प्रतिशत हक दिलाएको हो । जो सुप्रिम कोर्टले २७ प्रतिशत सेन्ट्रल ओबीसीलाई up held गरेको बाट ७ प्रतिसत सेन्ट्रल रिजार्बेसन काटेर बराबर रिजार्बेसन बनाएको थियो। अनि यो हक ककसले पाउदैनन:-(१) जोइन्ट सेक्रेटरीदेखि माथिका अफिसरले (२) एमपी, एमएलए, मन्त्री, सीएम (३) ८ लाख भन्दा धैरे सालमा कमाई हुने र (४) अचल सम्पत्ति २० ऐकर भन्दा धैरै जमिन हुनेले ओबीसीको हक चयन गर्न पाउँदैनन्।

अब जटिल र सबै ट्राइबल हुनबाट छुटेका नेपाली समुदाय जुनसुकै पार्टीमा होस् या संघ–संस्थामा होस् बुझने कुरा , सिक्किमका मुख्यमन्त्री महोदय गोले सहाबले भरखरै तुमीन लिङ्गीको सम्भाषणमा बाहुन, छेत्री, नेवार जातिलाई विकर सेक्सन (Weaker Section) मा गाभ्ने कुरा राख्नु भएको छ। Weaker Section बनाउनु भनेको यो हक मध्यप्रदेशका ठाकुरहरूले पाएका छन्, राजस्थानका मारवाडीले पाएका छन्, अनि बनारसका पाण्डवहरूले पाएका छन्। अब हामी तीन जातिलाई विकर सेक्सनमा लगाउने बितिकै स्टेट ओबीसी उड्नेछ अनि ट्राइबल हुने बाट पनि यी जाती बञ्चित हुने छन्। यो लेफ्टआउट कम्युनिटी छुटाउने षडयन्त्र नभएर के हो त ? यो Weaker Section बनाइयो भने हामीलाई सोझै खाडलमा हालेको हो, नत्र के बनारसका पाण्डा, मध्यप्रदेश का ठाकुर अनि राजस्थानका मारवाडी ट्राइबल हुन्छन् त ?

**सोच्ने कुरा छ**

वर्तमान सिक्किमको विधान सभामा अहिले छेत्री बाहुनबाट सबै भन्दा बेसी नौ जान प्रतिनिधिको संख्या छ अनि यस्तो जटिल विषयमा बहस नहुनु भनेको यो कायरता हो।

भूतपूर्व मुख्यमन्त्री पवन चामलिङ सहाबले कति दोस सहेर पनि सिक्किमका बाह जातिलाई ट्राइबल बनाउन भरमग्दूर कोशिस गरे। छेत्री बाहुनलाई पनि ट्राइबल बनाउनका लागि योजना तयार पार्न स्टेट ओबीसीको दर्जा दिएर बी के राय बर्मन कमिसन मुताबिक खस (बाहुन छेत्री) को प्रस्ताव तयार गरेर केन्द्रमा बुझाएको अनि केन्द्रमा विचाराधीन भएको कुरा सर्वविदित छ। वर्तमान सरकारले Weaker Section बनाएर यो जातीलाई बर्बाद बनाउन खोजेको कुरा बुझ्नुपर्छ।

बुझ्नेलाई श्रीखण्ड बुझेर पनि नबुझे खुर्पाको बिड।

## आफ्नो जिम्मेवारी निर्वाह गर्नुहोस्...

पृष्ठ ४–को रहल

विपक्षीले? कि जेकब खालिङले?

किन जेकब ज्यूको नाम लिए? सिक्किम सरकार पीएस गोलेले चलाएको होइन रहेछ। जेकब खालिङको निर्देशमा पो चल्दो रहेछ। जब स्वास्थ्य जस्तो विषयमा नेताहरू बाठो हुन्छन्, जनताले दुख भाग्नु पर्छ। सिक्किमको जनताले दु:ख भोगिरहेका छन्। भन्नु पो सक्दैनन् उनीहरु।

राजनिति एक ठाउँमा छ जेकब खालिङज्यू, जनताको स्वास्थ्य अर्को ठाउँमा छ। कोरोना संक्रमण दैनिक रूपमा बढ्दैछ। जनतालाई डाटा मात्र दिने कि सङ्क्रमण रोकथाम अनि व्यवस्थापन माथि पनि काम गर्ने? मुख्यमन्त्रीलाई पीपीई किटमा प्रदर्शन गराएर स्वस्थ्य व्यवस्था ठीक हुँदैन। कोरोना संक्रमणको सुव्यवस्था हुँदैन।

जनताको स्वास्थ्य सुरक्षा प्रथम हुनपर्छ। पवन चाम्लिङको सरकारले खडा गरेको स्वास्थ्यका पूर्वाधारहरु किन विस्तारै ध्वस्त हुँदै जाँदैछन्?

सिक्किमको स्वास्थ्य व्यवस्था ढल्नु अघि चाँडो भन्दा चाँडो मर्मत कार्यमा लाग्नुहोस्। डाक्टरहरुलाई सजाय होइन, सहरा दिनुहोस्। रोगीहरूको उपचारको सुनिश्चित गर्नुहोस्। सबै रोगीहरू सिक्किम बाहिर उपचारको निम्ति जान सक्दैनन्।

कोविड फण्ड खोई? प्रयोगमा ल्याउनुहोस्। जनताको स्वास्थ्य सुरक्षा सरकारको जिम्मेवारी हो। आफ्नो जिम्मेवारी निर्वाह गर्नुहोस्।

SDF

नव वर्ष २०२२ को हार्दिक मङ्गलमय शुभकामना